# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०७८।०७९
चलानी नं. ३८६४

मिति: २०७९।२।१७

विषय: निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।

श्रीमान् प्रमुखज्यू / श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।

श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।

श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।

श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।

बनेपा नगरपालिका ।

श्री ... ... .... ... ...शाखा

बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ जेष्ठ १६ गते सोमबार बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

०७९।२।१७

प्रकाश आचार्य

प्रमुख प्रशासकीय अधिकृत

फोन नं : प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९ बनेपा
E-mail: ict.banepamun@gmail.com

Scanned by CamScanner

बैठक संख्या : १

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ जेष्ठ १६ गते सोमबार दिनको १:०० बजे नगर कार्यपालिका कार्यालयको प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

-:: उपस्थिति ::-

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री बिमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामबहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

छलफलका विषयहरुः

१. नव निर्वाचित पदाधिकारीहरुमा परिचय आदान प्रदान,
२. आगामी आ.व. २०७९।०८० को बजेट तथा कार्यक्रम तर्जुमा तयारी सम्बन्धमा,
३. बनेपा नगरपालिको योजना अनुगमन समिति गठन,
४. बनेपा नगरपालिकाको राजस्व परामर्श समिति गठन, र
५. विविध ।

- राष्ट्पति रनिङ शिल्ड सम्बन्धमा,
- चैतन्य मा.वि.को व्यवस्थापन समिति गठन सम्बन्धमा
- बसपार्क सपिङ कम्प्लेक्स बहालको म्याद सम्बन्धमा

-::निर्णयः:-

१. नेपालको संविधान बमोजिम स्थानीय तहहरुको पुनरसंरचना पछि स्थानीय तहहरुको दोस्रो कार्यकालका लागि सम्पन्न भएको निर्वाचनबाट बनेपा नगरपालिकाको जनप्रतिनिधिका रुपमा हामीलाई निर्वाचित गर्नुहुने आम बनेपा नगरबासी मतदाता दाजुभाइ दिदीबहिनीहरु, शुभेच्छुक संघसंस्थाहरु, निर्वाचन आयोग, निर्वाचन अधिकृतको कार्यालय, बनेपा, जिल्ला प्रशासन कार्यालय, काभ्रे, सबै राजनैतिक दल, सुरक्षा निकाय तथा बनेपा नगरपालिकाका सबै कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२. चालु आ.व. २०७८।०७९ मा राष्ट्पति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्न नेपाल सरकारबाट विनियोजित रु. १ लाख अपर्याप्त हुने भएकाले गत बर्ष सरह उल्लेखित कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको खेलकुद विकास शीर्षकबाट थप रु. २ लाख ८० हजार निकासा दिने निर्णय गरियो ।

३. चैतन्य माध्यामिक विद्यालय, बनेपाको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नियुक्तिका लागि उक्त विद्यालयलको मिति २०७९।२।१० च.नं. १२१ को पत्रबाट लेखि आएका सम्बन्धमा छलफल हुँदा उक्त विद्यालयको अभिभावक भेलाबाट सिफारिस गरिएका व्यक्तित्वहरु मध्ये सिफारिस क्रमको पहिलो क्रममा रहनु हुने श्री राजभाइ मानन्धरलाई उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मनोनित गर्ने निर्णय गरियो ।

४. नेपाल सरकारले मुलुकभर आइतबार समेत सार्वजनिक विदा दिने भनि घोषणा भई कार्यान्वन भइरहेको अवस्थामा बनेपा नगरपालिका क्षेत्रभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको पठनपाठनको समय व्यवस्थापन गर्न कठिनाई भईरहेको भन्ने सम्बन्धमा छलफल गर्दा नगरपालिका क्षेत्रभित्रका संस्थागत तथा सामुदायिक विद्यालयहरु अन्य प्रयोजनका लागि दिइने सार्वजनिक विदाको अवस्थामा बाहेक हरेक हप्ता आइतबार देखि शुक्रबारसम्म साविकमा चलिआए सरह सञ्चालन गर्ने निर्णय गरियो ।

५. बनेपा नगरपालिका वडा नं. ६ स्थित यस नगरपालिकाको स्वामित्वमा रहेको बुडोल सपिङ कम्प्लेक्स मर्मत गर्नुपर्ने भई प्राविधिकबाट ल.इ. समेत तयार भई पेश भएका सम्बन्धमा छलफल गर्दा उक्त भवनको हालको अवस्था र मर्मत गर्नुपर्ने विषय समेतको स्थलगत अवलोकन गरी आगामी बैठकमा सुझाव पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

क) संयोजक श्री सचितानन्द के.सी. -वडाध्यक्ष बनेपा ६
ख) सदस्य श्री हिटलर शाक्य, -वडाध्यक्ष बनेपा ७
ग) सदस्य श्री चन्दन ह्योजु, इन्जिनियर, बनेपा नगरपालिका ।
घ) सदस्य श्री विनोद हुमागाई, राजस्व शाखा प्रमुख, बनेपा नगरपालिका ।

६. अविरल वर्षाका कारण बनेपा नगरपालिका क्षेत्रभित्रका सडक जस्ता भौतिक संरचनाहरु बिग्रने भत्कने अवस्था रहेको र तत्काल मर्मत नगरेमा थप क्षति हुन सक्ने अवस्था रहेको र नगर क्षेत्रभित्रका सडकहरुमा सडक बत्ती नभएकाले चोरी हुने लगायतका समस्या बढेकाले नगर प्रमुखज्यूबाट आवश्यकता र औचित्यताका आधारमा आवश्यक खर्च गरी तत्काल मर्मत सुधार गर्ने र सडक बत्ती राख्ने व्यवस्था मिलाउन सक्ने गरी अख्तियारी दिने निर्णय गरियो ।

७. इन्धनको उपयोग मितव्ययी र किफायती गर्ने नेपाल सरकारको नीति समेतलाई दृष्टिगत गरी इन्धनको उपयोगमा कटौती गर्न आवश्यक भएकोले सवारी चालन अनुमति पत्र भएका यस नगरपालिकाका कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधनमा मात्र महिनाको १० लिटरका दरले इन्धन उपलब्ध गराउने । साथै फिल्डमा खटिने कर्मचारीका हकमा अपुग हुने भएमा आवश्यकता र औचित्यताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले थप इन्धन उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

८. आगामी बैठक मिति २०७९ साल जेष्ठ १९ गते विहिबार दिनको ३:०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner